स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेता पल शाहको गत वर्ष तीनवटा फिल्म रिलिज भए । यस वर्ष पनि त्यही संख्यामा रिलिजको सम्भावना देखिन्छ । उनको यस वर्षका लागि पहिलो रिलिज फिल्म भने "मोहर" हुनेछ, जुन आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउँदैछ । ओम प्रतिकको निर्देशन बनेको फिल्ममा उनको जोडीको रुपमा बेनिशा हमाल र नीति शाह प्रस्तुत छन् । दुवैसँग उनको यो पहिलो सहकार्य हो ।

**आजको विचार...**



गोरखा.... *(दुई पेजमा)*

-पुष्कर अथक रेग्मी



अभिनेत्री नीति शाहले विवाह गरेकी छन् । उनले शुक्रबार काठमाडौं जिल्ला अदालतमा यचित शमशेर जबरासँग कानूनी विवाह गरेकी हुन् । न्यायाधीश दीनबन्धु बरालको इजलासमा उनको विवाह भएको अदालत स्रोतले जानकारी दियो । उनीहरुको विवाह दर्ता प्रमाण पत्र भने प्रक्रियामा रहेकोले लिन बाँकी छ। नीति र यचितले केही समयको प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेका हुन् । "मिस नेपाल इन्टरनेशनल २०१७" को उपाधि चुमेकी नीति "खजुरे ब्रो"बाट फिल्ममा डेब्यु गरेकी हुन् ।

❐ वर्ष ३० ❐ अंक २६३ ❐ २०८२ वैशाख ६ गते शनिबार 19 April 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# लुम्बिनी प्रदेशको बजेट खर्च : नौ महिनामा झण्डै ४० प्रतिशत

## आगामी बजेट खुम्च्याउँदै

**हाम्रा संवाददाता**

**पाल्पा, वैशाख ५**/लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षको ९ महिनामा झन्डै ४० प्रतिशत बजेट खर्च गरेको छ । उसले चालु आर्थिक वर्षको चैत मसान्तसम्म पुँजीगत र चालू गरी ३९ दशमलव ७४ प्रतिशत बजेट खर्च गरेको हो ।

प्रदेश सरकारले गत वर्ष यही अवधिमा ३४ दशमलव ३० प्रतिशत बजेट खर्च गरेको थियो । चालु आवमा सरकारले पुँजीगत खर्च प्रतिशत बढाएको हो । गत वर्ष तेस्रो चौमासिक सकिँदा सरकारले पुँजीगत खर्च ३२ दशमलव ९८ प्रतिशत मात्र गरेकामा चालु आवमा चैतसम्ममा ३८ दशमलव ५६ प्रतिशत खर्च गरेको छ । सरकारले चालु आवमा झण्डै ७५ प्रतिशत पुँजीगत बजेट खर्च गर्ने दाबी गरेको छ । प्रदेश सरकारले चालु आवका लागि लागि ३८ अर्ब ९७ करोडको बजेट ल्याएको थियो ।





त्यसमध्ये ९ महिनामा १५ अर्ब ४८ करोड ६९ लाख रुपैयाँ खर्च भएको हो । पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख बजेट रहेकामा ९ अर्ब ४७ करोड ९६ लाख रुपैयाँ खर्च गरेको छ । त्यस्तै चालुतर्फ १४ अर्ब ३८ करोड ४१ लाख बजेट रहेकामा ६ अर्ब ७२ लाख रुपैयाँ खर्च भएको छ । उक्त रकम चालुतर्फ ४१ दशमलव ७६ र पुँजीगततर्फ ३८ दशमलव ५६ प्रतिशत खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख दीपक ज्ञवालीले बताए । प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीका अनुसार प्रतिशतका हिसाबले धेरै खर्च गर्नेमा स्वास्थ्य मन्त्रालय रहेको छ, अंकका हिसाबले भौतिक पूर्वाधार मन्त्रालय रहेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको पुँजीगत खर्च ३७ दशमलव २४ र स्वास्थ्य मन्त्रालयको ७९ दशमलव ३४ प्रतिशत रहेको छ । चैत मसान्तसम्म भौतिक पूर्वाधारले ३ अर्ब ७३ करोड ७० लाख ८४ हजार १०३ रुपैयाँ खर्च गर्दा स्वास्थ्य मन्त्रालयले २ अर्ब ४ करोड २८ लाख २१ हजार ३७० रुपैयाँ खर्च गरेको छ ।

सबैभन्दा कम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय खारेजीमा परेका कारण न्यून खर्च देखिएको हो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ३ दशमलव १३ प्रतिशत खर्च भएको छ । टुक्रे योजनाको कारण प्रदेशमा योजना र बजेटको प्रभावकारी कम देखिएको छ । लुम्बिनीमा मात्रै एक वर्षको साढे १२ हजार टुक्रेयोजनाहरू रहेका छन् ।

*-बाँकी अन्तिम पृेजमा...*

## सक्षिप्त समाचार

### आक्रमणमा ५८ जनाको मृत्यु



**(रासस/एएफपी)**

साना, वैशाख ५/अमेरिकी सेनाले यमनको हुथी विद्रोहीलाई लक्षित गरी शुक्रबार गरेको आक्रमणमा कम्तीमा ५८ जनाको मृत्यु भएको हुथी समूह निकट अल मसिराह टिभीले जनाएको छ । आक्रमणमा कम्तीमा १२५ जना घाइते भएका छन् ।

आक्रमणपछि दिइएको प्रारम्भिक जानकारीमा आक्रमणबाट हुथी समूहको नियन्त्रणमा रहेको इन्धन बन्दरगाह ध्वस्त भएको र कम्तीमा २० जनाको मृत्यु भएको बताइएको थियो । रास इसा इन्धन बन्दरगाहमा भएको आक्रमणको उद्देश्य इरान समर्थित हुथी विद्रोहीका लागि आपूर्ति र कोषको स्रोत बन्द गर्नु रहेको अमेरिकी सेनाले जनाएको छ । रेड सी र एडेनको खाडीमा रहेका असैन्य पानीजहाज र सैन्य जहाजमाथिको आक्रमणलाई अन्त्य गर्न सकियोस् भनी वासिङ्टनले मार्च १५ देखि हुथी विद्रोहीमाथि दैनिकजसो हवाई आक्रमण गर्दै आएको छ । विद्रोहीहरूले सन् २०२३ को अन्त्यतिर गाजामा प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता जनाउँदै आक्रमण सुरु गरेका थिए । इजरायली सेनाले अमेरिकी आक्रमणपछि यमनबाट आउँदै गरेको क्षेप्यास्त्रलाई रोकेको शुक्रबार जनाएको छ ।

## आज र भोली बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै




**पाल्पा, वैशाख ५**/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभागले आज र भोलि देशभर पाँच वर्ष मुनिका बालबालिकाका लागि राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गरिरहेको छ । दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका २२ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै छ ।

आजै एक वर्षदेखि पाँच वर्षसम्मका करिब १९ लाख बालबालिकालाई जुकाको औषधि खुवाइने छ । बालबालिकालाई बालभिटा खुवाइने छ । सोही दिन बालबालिकामा कुपोषणको परीक्षण पनि गरिने छ । 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' मा करिब ५२ हजार महिला स्वास्थ्य स्वयम्सेविका र १५ हजार स्वास्थ्यकर्मी परिचालन गरिने छ । सरकारले भिटामिन 'ए' कमीको रोकथाम तथा उपचारको लागि २०५० सालमा आठ जिल्लाबाट सुरु भएको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम २०५९ देखि देशभरि नै लागू गरिएको हो । जुका नियन्त्रण तथा रोकथामको लागि २०५६ सालदेखि १३ जिल्लाबाट सुरु गरिएको जुकाको औषधि खुवाउने कार्यक्रम २०६७ देखि सबै जिल्लामा लागू गरिएको छ । यस्तै २०६४ सालदेखि बालभिटा खुवाइने गरेको छ । प्रत्येक वर्ष कात्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई नि:शुल्क खुवाउने व्यवस्था सरकारले गर्दै आएको छ ।

## गुल्मीमा चार महिनामै पक्की पुल निर्माण

**गुल्मी, वैशाख ५**/गुल्मीका एक निर्माण व्यवसायीले डेढ वर्षमा बन्ने पुल चार महिनामै निर्माण गरेका छन् । निर्माण व्यवसायी विजय खनालले गुल्मीको मदाने गाउँपालिकाअन्तर्गत अग्लु फैंदी खोला पुल चार महिनामै निर्माण सम्पन्न गरेका हुन् ।

जिल्लामा सञ्चालित कैयौँ विकास योजनाहरू केही निर्माण व्यवसायीले समयमा काम नगरी अलपत्र परिहेको अवस्थामा खनालले डेढ वर्षको अवधिमा निर्माणसम्पन्न गर्नुपर्ने काम चार महिनामै सम्पन्न गरेका हुन् । गुल्मीको पञ्चमीपोखरी-अग्लुङ हुँदै प्यूठान जोड्ने सडकमा पक्की पुल निर्माण गरिएको छ । छोटो अवधिमै पुल निर्माणको काम नगरेर खनालले काम गर्ने इच्छाशक्ति भएमा तोकिएको समय नै पर्खनुपर्छ भन्ने मान्यतालाई चिरेर नयाँ उदाहरण प्रस्तुत गरेका छन् । उक्त पुल निर्माणका लागि गत



वर्ष जेठमा सम्झौता भएपछि बर्सात सुरु भएको र त्यसपछि दशैं तिहारजस्ता चाडपर्वहरू परेका कारण त्यसपछि मङ्सिर महिनादेखि फागुनसम्म चार महिनामा लगातार काम गरेर पुल निर्माणको काम सम्पन्न गरिएको निर्माण व्यवसायी विजय खनालले बताए । तर समयमै काम सम्पन्न गरे पनि ६० लाख रुपैयाँ अझै भुक्तानी पाउन बाँकी रहेको खनालले गुनासो गरे ।

खनालले आफूले निर्माणको जिम्मा लिएका ९९ प्रतिशत योजनामा म्याद थप नगरेको बताए । यति छोटो समयमा पुल निर्माण भएसँगै त्यस क्षेत्रका नागरिकहरु पनि अचम्म परेका छन् । मदाने गाउँपालिका-१ का वडाध्यक्ष सुशील चन्दले निर्माण व्यवसायीमा इच्छाशक्ति भएमा योजना कसरी सम्पन्न हुन्छन् भन्ने नयाँ उदाहरण खनालले देखाएको बताए । सडक पुर्वाधार कार्यालय गुल्मीमार्फत पुल निर्माणका लागि कमल-अर्जुन-सिटी जेभीले गत वर्षको जेठ ८ गते सम्झौता गरेको थियो । उक्त पुल भ्याटसहित चार करोड १४ लाख २९ हजार ९७९ को लागतमा सम्झौता भएको सडक पूर्वाधार कार्यालय गुल्मीका प्रमुख इन्जिनियर सचिदानन्द चौधरीले जानकारी दिए । गत मङ्सिर पहिलो हप्ता लुम्बिनी प्रदेशका भौतिक पूर्वाधारमन्त्री भूमिश्वर ढकाल र कृषि भूमि व्यवस्था तथा कृषि सहकारीमन्त्री दिनेश पन्थीले पुलको शिलान्यास गरेका थिए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विद्यार्थीको भविष्यप्रति जिम्मेवार बन

**शिक्षक आन्दोलनका कारण देशैभरका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मर्कामा परेका छन्। शिक्षकहरू तीन हप्तादिनदेखि आन्दोलनमा छन् । नयाँ शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना अभियानको तयारीमा जुट्नुपर्ने शिक्षकहरु विद्यालय छाडेर आन्दोलनमा उत्रिदा वार्षिक परीक्षाको नतिजासँगै भर्ना अभियान अगाडि बढ्न सकेको छैन् । अर्कोतर्फ एसइई नतिजा प्रकाशनको तालिका समेत प्रभावित हुने सम्भावना देखिएको छ । आगामी असार पहिलो साता नतिजा प्रकाशन गर्ने भनिए पनि अनिश्चितकालिन शैक्षिक हड्तालका कारण एसइई नतिजा पनि प्रभावित हुने देखिएको हो । शिक्षकहरू आन्दोलनमा रहेकाले अहिलेसम्म उत्तरपुस्तिक परीक्षण सुरु हुन सकेको छैन् । आन्दोलनको कारण वैशाख ११ गतेबाट शुरू हुने कक्षा १२ को परीक्षा समेत अन्यौलमा परेको छ । शिक्षकको आन्दोलनले लाखौं विद्यार्थीहरुको भविष्य अन्यौलमा पेको छ ।**

**शैक्षिक आम हड्तालमा उत्रेको महासंघले अस्थायी, करार, राहतलगायत सबै प्रकृतिका शिक्षकलाई दरबन्दीमा रुपान्तरण गर्नुपर्ने माग राखेको छ । जस्तो माग अघि सारे पनि सबै विषय ऐनमा समावेश गर्नुपर्ने महासंघको माग छ । बालविकास सहयोगी कार्यकर्तालाई शिक्षक, जिरोदेखि १२ प्रावि तृतीय तहसरहको सेवा–सुविधा उपलब्ध गराउनुपर्ने, विद्यालय कर्मचारी र लेखापाललाई २०७९ देखि रोकिएको महँगी भत्ता उपलब्ध गराउनुपर्ने, १०–१० वर्षमा स्थायी शिक्षकको पदोन्नति गर्नुपर्ने, ट्रेड युनियन अधिकार हटाउन नपाइने लगायतका माग तत्काल सम्बोधन गर्नुपर्ने अडान छ । गतवर्ष भएको सहमति समावेश गर्दै विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने मुख्य माग शिक्षकहरुको हो । २०८० भदौ २७ मा विधेयक संसद्मा दर्ता भएको थियो । सरकारसँग २०८० को असोज ५ र १२ गते ११ बुँदे सम्झौता भएको थियो । सम्झौता कार्यान्वयन नभएको भन्दै लगातार शिक्षकहरु आन्दोलनरत छन् । यसले गर्दा लाखौँ विद्यार्थीको भविष्य अन्योल भएको छ भने सरकारी विद्यालयको पठनपाठन ठप्प हुन पुगेको छ । शिक्षकहरुले आफ्ना माग राख्ने नाममा विद्यार्थीहरुको भविष्यमाथि खेलवाड गर्नु हुन्न । विद्यार्थीहरु भविष्यका कर्णधार भएकाले शिक्षक र सरकार उनीहरुको भविष्यप्रति गम्भीर हुन जरुरी छ ।**

## Opinion @ Social Network

जिउँदो हुँदा सम्म हो अरुको सानो कुराले मन दुख्ने,
मरेपछि त आगोले पोल्दा पनि दुख्दैन ।

*(शिव कार्कीको फेसबुकबाट https://www.facebook.com.Karki.shiva)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गोरखा- जितगढी कि जितगढी- गोरखा ?



**पुष्कर अथक रेग्मी**

**उजिरसिंह थापा र पाल्पा आगमन:**

पिता नयनसिंह थापा र माता रणकुमारीका जेष्ठ सुपुत्र उजिरसिंह थापाको जन्म वि.सं. १८५२ साल चैत्र कृष्ण प्रतिपदाको दिन भएको हो । पिताको निधन भएसँगै उजिरसिंह काका भिमसेन थापाको निगरानीमा हुर्केका थिए । भिमसेनले यिनलाई विशेष माया गर्ने हुनाले र धनकुटा, सप्तरी, वारा र पर्सा क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरे वापत सानै उमेरमा यिनले कर्णेलको पदवी पाएका थिए ।

पाल्पा राज्यलाई नेपाल अधिराज्यमा विलय गराउने पाल्पाका तैनाथवाला अमरसिंह थापाको देहान्तपछि उनकै नाति उजिरसिंह थापा पाल्पाको तैनाथवाला भई वि.सं १८७१ आश्विनमा पाल्पा आएका थिए । १९ वर्षकै कलिलो उमेर भएता पनि उनी छलियुद्धमा निपूर्ण र कार्यसम्पादनमा कुशल थिए । दश वर्षसम्म पाल्पा गौंडाको अख्तियारी समाल्दै वि.सं १८७१ मंसिरमा उनको देहान्त भयो । उनीपछि भीमसेनका भाइ बख्तारसिंह थापा पाल्पा गौंडाको प्रशासक भएर आए ।

**अमरसिंह थापाद्वारा युद्धको उद्घाटन :**

वि.सं १८७१ देखि नेपाल अंग्रेजबिच युद्ध शुरु भयो । अंग्रेजहरु जुन माध्यमबाट भएपनि नेपाल प्रवेश गर्न खोज्नु नै युद्धको प्रमुख कारण थियो । हिन्दुस्तान अंग्रेजको अधिनमा रहेको र त्यहाँ गर्मी बढी हुने भएकाले उनीहरु पहाडी मुलुक नेपाललाई कब्जामा लिन चाहानुको साथै तिब्बतसँग व्यापार सञ्चालन गर्न चाहन्थे । उनीहरुले एकैपटक नेपाललाई मकवानपुर, देहरादुन, लुढियान र बुटवलसहित चार क्षेत्रबाट आक्रमण गर्ने तयारीमा थिए । नेपालको तर्फबाट सकेसम्म युद्ध नगर्ने प्रयास गरिएता पनि अन्ततः वि.सं १८७१ वैशाख १० गते अंग्रेजले आक्रमण गरी बुटवल क्षेत्रलाई कब्जामा लियो । पाल्पाका तत्कालीन तैनाथवाला अमरसिंह थापाले शक्ति सञ्चय गरी प्रत्याक्रमण गरी अंग्रेजहरुलाई बुटबलबाट गोरखपुरतर्फ धपाए । यसरी अमरसिंह थापाले पाल्पा गौडाबाट नेपालका लागि अंग्रेजमाथि विजयको समुद्घाटन गरेका थिए । युद्धको तयारीमा जुट्दाजुट्दै वि.सं. १८७१ असोजमै उनको देहान्त भयो ।

**उजिरसिंह- अंग्रेज युद्ध :**

अंग्रेजहरुको हार भएपछि मेजर जनरल सुलिभान उड फेरि बुटवल हुँदै पाल्पा आक्रमण गर्ने योजनामा थिए । पाल्पाबाट पलायन भएका युवराज रत्न सेन, कनकनिधि, गुरु पुरोहित भाइ भारदारहरु समेतले गुमेको पाल्पा राज्य फिर्ता पाइन्छ कि भनेर अंग्रेजलाई सुराकि दिइरहन्थे । जनरल उडले २६ कम्पनी सैनिकहरु सहित बुटवल आक्रमण गर्ने योजनामा थिए, उनीहरुले पाल्पालाई कब्जामा लिई काठमाडौंसँग सम्पर्क विहिन बनाउने सोचमा थिए । उनीहरु आधुनिक हातहतियारले सुसज्जित थिए । उनीहरु अनेक हतकण्डा मच्चाउँदै बुटवल क्षेत्र आइपुगे । आफ्ना सैनिक पहाडी इलाकामै रहने, तत्काल कुनै पनि प्रतिक्रिया नदिने र छलियुद्ध गर्ने उजिरसिंहको नीति थियो । उनीसँग ३ हजार जति सेनाहरु थिए । कनकनिधिको गलत सूचना संप्रेषणको कारण अंग्रेजहरु नुवाकोटगढी छाडेर जितगढीतर्फ लागे जहाँ उजिरसिंहले अंग्रेजहरुलाई लज्जाजनक रुपमा हराए । अंग्रेज सेनापति मेजर जनरल उडको छातिमा समेत मट्याङ्गाले लागि चोट पुग्न गयो । अंग्रेज सेनाको ठूलो क्षति भयो उनीहरु हातहतियार छाडेर ज्यान बचाएर भागे । अंग्रेजतर्फ ५ अफिसर र २८ सिपाहीको मृत्यु भयो भने नेपाली सेनाहरु करिब ७० जना जति मारिए । उजिरसिंहका निकटम सहयोगीहरु सरदार सूर्यबहादुर थापा, कुम्मेदान कृपासुर थापा समेतले वीरगति प्राप्त गरे । "संसारलाई जित्ने अंग्रेज, अंग्रेजलाई जित्ने हामी पाल्पाली नेपाली, भगवती माताकी जय" भन्दै नेपालीहरुले जितगढीमा विजयोत्सव मनाए । नेपालको पश्चिमी क्षेत्रका नालापानी, जैथक र देउथलमा भएका युद्धहरुमा अंग्रेजहरु विजयी भएता पनि जितगढीको युद्धमा नराम्ररी पराजित भए । वि.स. १८७२ वैशाख ७ गते अंग्रेज सेना पुनः बुटवल हान्ने तयारीमा खस्यौली आइपुग्यो । उनीहरुसँग २४ कम्पनी फौज थियो र दुईसय जति घोडचढी फौज थिए । दुईवटा अठार पाउण्डर गन र चारवटा मोर्टार थिए । अंग्रेजी फौजले खस्यौलीमा गोला वर्षा गरी बुटवल दरवार ध्वस्त पारुञ्जेलसम्म पनि नेपाली फौज चुप लागेर बस्यो । कुनै प्रतिक्रिया नआएकाले अंग्रेजहरु निर्धक्क तिनाउ नदी तरेर पारी जितगढीतर्फ जान लाग्दा पहाडमा लुकि बसेका उजिरसिंह सहितका बीर नेपाली सेनाहरुले छल र हान रणनीति अपनाएर अंग्रेज सेनालाई भगाएरै छाडे । यसरी दोश्रो पटक समेत उजिरसिंहले अंग्रेजसँगको युद्ध जिते ।

**सम्भाव्य तेश्रो युद्धको त्रासदि र युद्ध जित्नुको कारण:**

दुई/दुई पटक अंग्रेजलाई परास्त गरेता पनि नेपाली सेनामा फेरी पनि युद्ध हुन्छ कि भन्ने त्रासदी कायमै रहन गयो । किनकि ठूलो संख्यामा रहेका अंग्रेजहरुलाई छलकपट र भयको आधारमा लखेटेर पठाइएको हो भन्ने कुरा उजिर सिंहलाई प्रष्टै थाहा थियो । उनी दोभान क्षेत्रमा अखडा जमाएर पूर्व तयारीका साथ बसेका थिए । नेपाल र अंग्रेजबिच सुगौली सन्धि भएपछि सम्पूर्ण युद्धको समाप्ति भयो । बुटवललाई कब्जामा लिएता पनि पहाडी लडाइको ज्ञान तथा अनुभव नहुनु, कनकनिधि र जनरल उड बिचको आक्रमण सम्बन्धी योजनामा मेल नखानु, उजिरसिंहको युवा जोश र युद्धकलालाई अंग्रेजहरुले सही आंकलन गर्न नसक्नुको करणले नै अंग्रेजहरुको हार र नेपालीहरुको जित भएको थियो । यस्का साथै पाल्पा तानसेनस्थित भगवती माताको आशिर्वाद प्राप्त भएकोले समेत युद्ध जितिएको भन्ने उजिरसिंहलाई पूर्ण विश्वास थियो । अंग्रेजहरुको झण्डै दुईवर्षसम्मको युद्धमा नेपालले हार व्यहोर्नु परेको भएतापनि पाल्पा तथा पाल्पाली समेतको यस विजयले नेपाली गौरवलाई सदियाँसम्म जिवन्त र वीर गोर्खाली भनी नाम राख्न ऐतिहासिक रुपमै मद्दत गरेको छ ।

**भगवती जात्राको शुभारम्भ :**

नेपालमा विशेषतः वार्षिक रुपमा श्रावण-भाद्र महिनामा जात्रा मनाउने चलन छ । गाईजात्रा, रोपाईजात्रा, बाघजात्रा पाल्पा तानसेनका प्रचलित जात्राहरु हुन् । भाद्र कृष्ण नवमीका दिन मनाइने भगवती जात्रा ऐतिहासिक राष्ट्रिय गौरव बोकेको जात्रा हो । यो जात्रा चलाउने चलन कर्णेल उजिरसिंह थापाको पालादेखि भएको हो । उजिरसिंहको बाल्यकाल काठमाडौं उपत्यकामा वित्यो । त्यहां उनले वर्षेनी इन्द्रजात्रा, कुमारीजात्रा, मचिन्द्रनाथको रथजात्रा हेर्ने अवसर पाइरहे । ती जात्राहरुबाट प्रभावित भएर नै उनले पाल्पामा पनि भगवती जात्रा मनाउने चलनको शुरुवात गराए । भगवती जात्रा मनाउँदै गरेको केही समयपछि नारायण जात्रा समेत निकाल्ने परम्परा बस्यो । यसपछि क्रमशः भीमसेन, गणेश र भैरवका जात्राहरु समेत निकालियो ।

सेन वंशीय राजाहरुको इष्टदेवी भगवती हुन् । भगवतीको अर्को रुप विन्ध्यवासिनी अर्थात् योगमाया हो । योगमाया भगवान श्रीकृष्णकी बहिनी हुन् । श्रीकृष्णको जन्म भाद्र कृष्ण अष्टमीका दिन भएको हुँदा यसैलाई ध्यानमा राखी औपचारिक रुपमा वि.सं १८७७ सालदेखि भगवती जात्रा मनाउन लागिएको हो । वि.सं १८७१ मा अंग्रेजहरुले नेपाल विरुद्ध युद्धको घोषणा गरेपछि पाल्या गौडाका तैनाथवाला उजिरसिंह थापाले भगवती मातासँग युद्धमा विजय हुने आर्शिवाद माग गरे । युद्धमा विजयी भएमा भगवतीको ठूलो मानमनितो गर्ने, सहकारी तरवले सलामी अर्पण गर्ने, सिन्दुरे जात्रा गर्ने, कलात्मक मन्दिर निर्माण गर्ने भनि भाकल गरे । बुटवल क्षेत्रको युद्धमा दुई-दुई पटक उजिरसिंह थापाले अंग्रेजहरुलाई लडाइँ हराए । जितगढीको युद्धमा संसार जित्ने अंग्रेजहरुको पाल्पाली सेनासंग नराम्ररी पराजय भयो । उजिरसिंहको भाकल पूरा भयो र उनले रणउजिरेश्वरी भगवती माताको नामाकरण गरी विधिवत रुपमा भगवतीको पूजा अर्चना गरी हरेक वर्ष भव्य, सभ्य र दिव्य रुपमा जात्रा निकाल्ने परम्परा बसाए । कलात्मक मन्दिरमा अष्टधातुको मूर्ति प्रतिष्ठापित गरेसँगै भगवतीको नित्य पूजाका लागि पूजारीका रुपमा पाटनबाट चन्द्रमुनि बज्राचार्य र गुठी व्यवस्थापनका लागि भक्तपुरबाट सुत्तमान बौद्धाचार्यलाई तानसेनमा झिकाए । पाल्पा तानसेनको सेरोफेरोमा गुठी सञ्चालकको लागि ३१७ मुरी धान उब्जने खेतको समेत व्यवस्थापन गरिदिए । वि. सं १९९० सालको महाभुकम्पको कारण यो मन्दिर भत्किएपछि वि. सं १९९९ सालमा यसको पुनः जिर्णोद्धार भएको हो । वि. स. २०३१ सालमा ढुङ्गे स्लेटको छाना लगाई दुईतले मन्दिर निर्माण भएको हो ।

**भगवती जात्रा/मन्दिरको महत्व:**

पाल्पा तानसेनमा रहेकी रणउजिरेश्वरी भगवती शक्तिकी केन्द्र हुन् । जसलाई जगाउन वैदिक नियमपूर्वक आह्वान गर्नुपर्ने हुन्छ । संसारलाई जित्ने अंग्रेज तर अंग्रेजलाई जित्ने पाल्पाली भनेर इतिहासमा लेखिदै आएको छ । कठोर साधना, अनुशासन र आचार संहिता पालना गर्नाले सफलता मिल्दछ भन्ने सन्देश समेत यस मन्दिर र जात्राले दिएको छ । शक्ति केन्द्रहरुले पनि श्रद्धा र आदर भावसहित विश्वास गरी आराधना गर्ने संस्कार बसालेर माया र सत्यताको शिक्षा दिन खोजेको पाइन्छ । ईश्वर सर्वव्यापी छ, जब जिवित प्राणी अप्ठेरोमा पर्छन् तब त्यो पाणीले सबै कुरा विर्सी अश्य शक्तिसँग भावनात्मक सम्बन्ध राखि प्रार्थना गर्छन् र भाकल पूरा गर्छन् । आराधना गर्नेकै अगाडि दैवीशक्ति उपस्थित हुन्छ भन्ने सत्य तथ्य उजिरसिंह भगवती मन्दिर/जात्राबाट प्रमाणित हुन्छ । नेपाली तले शैलीमा निर्मित यो मन्दिरमा उजिरसिंह थापाको उचाई बराबरकै गजूर छ । मूर्ति महिषासुर मर्दिनीको वर्णनमा आधारित रहेको छ । तान्त्रिक विधिभित्र लुकेका दार्शनिक पक्षहरु थुप्रै छन् । वास्तुकला, धातुकला र सांस्कृतिक विकासमा समेत उल्लेखनीय योगदान रहेको छ । तान्त्रिक विधिभित्र लुकेका दार्शनिक पक्षहरु थुप्रै छन् । वास्तुकला, धातुकला र सांस्कृतिक विकासमा समेत उल्लेखनीय योगदान रहेको छ । समस्त नेपाल र नेपालीको ऐतिहासिक विजयोत्वको रुपमा दुई शताब्दी अघिदेखि निरन्तर भगवतीको पूजा र जात्रा निकाल्ने परम्परा अद्यावधि रहँदै आएको छ । नेपाली सेनाद्वारा सलामी अर्पण गरेपछि सम्पूर्ण सरकारी, गैर सरकारी, संस्था अगुवाहरु एवं सम्पूर्ण सर्वसाधारण समेत भइ हरेक वर्ष अति उच्च सम्मानका साथ रणउजिरेश्वरी भगवतीको रथयात्रा निकालेर बजार परिक्रमा गराईन्छ । जसले नेपालीहरुको वीर गाथा संसारभर फैलाउँदै नेपाली राष्ट्रियता र संस्कृतिको जगेर्ना गर्नमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ ।

**गोरखा - जितगढी पदयात्रा :**

जितगढीलाई राष्ट्रिय विजयोत्सवको प्रतिकको रूपमा लिइ विगतका केही वर्षदेखि नेपाली सेनाको टोलीले 'गोरखा- जितगढी पदयात्रा' कार्यक्रम गर्दै आएको छ । यस वर्ष पनि २०८१ चैत २८ गतेदेखि २०८२ वैशाख ७ गतेसम्म 'तेस्रो गोरखा - जितगढी पदयात्रा ' कार्यक्रम आयोजना गरेको छ । गोरखा, तनहुँ, स्याङ्जा, पाल्पा हुँदै रूपन्देही बुटवलको जितगढी किल्लामा पदयात्रा पुग्नेछ र बैशाख ७ गतेका दिन नेपाली सेनाले बुटवलस्थित तारादल गणलाई एक कार्यक्रमबिच विजय झण्डा हस्तान्तरण गरी विजयोत्सव सहितको पदयात्रा समापन गर्नेछ ।

*-बाँकी ३ पेजमा...*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६११५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२११६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कला र गलाको प्रभाव बढ्नेछ । अचल सम्पत्ति हात पर्ने योग छ । | **तुला** : नयाँ वस्त्र प्राप्ति हुनेछ । सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **वृष** : आफ्नो विचार विपरित निर्णय हुनेछ । कामहरू अधुरै रहलान् । | **वृश्चिक** : राजनीति अधिकारमा सफलता मिल्नेछ । प्रभावित पारेर काम बन्नेछ । |
| **मिथुन** : नयाँ कामको थालनी हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : शिक्षामा सफलता मिल्ला । धनमाल पनि हात लाग्न सक्नेछ । |
| **कर्कट** : अतिथिको रूपमा सत्कार पाइएला । आफन्तको सहयोग प्राप्त हुनेछ। | **मकर** : चिन्ताले सताउने छ । नजिकका व्यक्तिहरुसँग झगडा पर्न सक्नेछ । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ । | **कुम्भ** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । व्यवसायमा लाभ नै मिल्नेछ । |
| **कन्या** : मनमा शंका उत्पन्न हुनेछ । अनावश्यक धन खर्च हुनेछ । | **मीन** : लगानीको वातावरण बन्नेछ । मुद्दा मामिलामा सफलता पाइनेछ । |

# साहित्य दर्पण

कथा — डा. अमर कार्की

## श्रद्धा



भर्खरै शिवहरिका जेठा छोराले उनको अगाडि एउटा टपरी टपक्क राखिदिए । टपरीमा भातको ठूलो डल्लो थियो–घिउ र चिनी मिसाइएको । त्यो डल्लो देख्नेबित्तिकै उनको मुखमा थुक भरियो ।

सधैँ "बालाई सुगर छ, भात नदिनु, गुलियो नदिनू," भन्दै मकैको च्याँख्ला, तिते करेलाको अचार र साग मात्र भागमा राखिदिने छोराले आज यसरी स्वादिष्ट खाना दिएको देखेर उनको खुसीको सिमा रहेन ।

त्यति मात्र कहाँ हो र ! उहिले ढिँडोको डल्लोमा भए पनि एक पित्को घिउ हाल्न पाए यो सुक्खा घाँटीबाट सजिलै तल झर्थ्यो कि भनेर भनेको बेला - "पिण्डो खाने बेलामा के घिउ-घिउ भनेर निहुँ खोजिराख्या हो, भन्या यी बाले !" भन्दै झर्कने जेठी बुहारीले नै आज भातमा घिउ र चिनी हालेर डल्लो पारिदिएको आफ्नै आँखाले देखेपछि उनी फुरुङ्ग भए ।

घुटुक्क थुक निले उनले, अनि भातको डल्लो टिप्न लागे । तर छुन नपाउँदै, एउटा कुकुर आएर टपरीमा मुख हाल्यो र दुई गासमै भात सखाप पारेर टपरी चाट्न थाल्यो । शिवहरी ट्वाल्ल परेर हेरिरहे ।

एक क्षणपछि कान्छो छोराले अर्को टपरी ल्याएर उनको अगाडि राखिदियो । टपरीभरि चामल, अनि त्यसमाथि छुट्टाछुट्टै दुनामा चिनी, घिउ, गेडागुडी र दाल थियो । उनी छक्क परे । मनमनै उनले सोचे, "भोलीपर्सीको लागि पनि भान्चाको सामान लेराइदिएछ छोराले ।"

टपरीमै सय रुपियाँको एउटा नोट पनि राखिएको थियो । उनी त्यो नोट टिप्न आँट्दै थिए, त्यत्तिकैमा कसैले भनी हाल्यो, "हात्ती राख्नु न, हात्ती ! बाकै लागि त हो ।" एकैछिनमै त्यहाँ त हजारको नोट पो देखियो ! बाबुका लागि एक कप चियाको पैसा पनि नझर्ने कान्छो छोराको खल्तीबाट आज हात्ती नै झरेपछि–शिवहरिको तेस्रो नेत्र पनि खुल्यो । तर त्यो धेरैपछि देखिएको हजारको नोट खल्तिमा हाल्ने सोच्न नपाउँदै, अरू नै कसैले टपक्क टिपिहाल्यो ।

त्यही मान्छेले टपरीको सबै सामान पनि उठाएर एउटा डालोमा हाल्यो र बोकेर गयो । शिवहरी हेरेको हेर्यै भए । त्यही बेलामा, "ल, काकाको नयाँ खाट पनि आयो !" भन्दै उनका भतिजोले एउटा चम्किलो नयाँ खाट लिएर आयो । "ओहो ! मेरै लागि नयाँ खाट ?" शिवहरिले पत्याउनै सकेनन् ।

"अब घाटतिर जाने बेलाको बाको लागि के को खाट !" भनेर टोकिरहने, रोकिरहने साहिँली बुहारी समेत आज उनकोलागि खाट आएकोमा हर्षित थिइन् । उनले सोचे,"बल्ल त्यो बिहेको थोत्रो खाटबाट छुटकारा पाइने भैयो !"

**खाट मात्र कहाँ हो र ?**

त्यसमा त नयाँ डस्ना, तकिया, तन्ना हालेर–एकदम सफा, सुकसुकाउँदो बिछ्यौना तयार गरियो उनकै अगाडि । ओछ्यानमा पट्याएर राखिएको न्यानो सिरक देखेपछि भने, उनले मन नै थाम्न सकेनन् ।

कपास डल्ला परेर एकातिर थुप्रिएको झुत्रो, पुरानो सिरकले कहिल्यै नतताएको आफ्नो आङ यो नयाँ सिरकले तात्ने आशमा उनी त्यही बिछ्यौनामा लम्पसार पर्न मात्र के आँटेका थिए–त्यही अघिको मान्छे फेरि आइपुग्यो । उसले धमाधम ती सबै बिछ्यौना, सिरक, तन्ना पट्याउन थाल्यो । शिवहरी छक्क परे । "यी सबै सामान हाम्रो बासम्म पुग्छ हैन त, बाजे ?" कान्छो छोराले सोध्यो ।

"अनि के भन्या ? यो सबै तिम्रै बाकै लागि त हो । म त माध्यम मात्र हुँ नि । सोच त, कति खुशी हुन्छन् होला तिम्रा बा यो सबै पाएर !" पुरेत भित्रभित्रै मुस्कुराउँदै थिए, तर बाहिर झर्किएको जस्तो बोलीले बोले । शिवहरी मख्ख परे, "अब त सबै सामान आफ्नै छाप्रोमा पुऱ्याइदिन्छन् भने त झन् गजब हुने भो नि !" भनेर मनमनै सोच्न थाले । घरभरि पाहुना र छिमेकीहरू थिए । सबै शिवहरिको तारिफ गरिरहेका थिए ।

१३ दिन अघि मात्र आफूसँग बेस्सरी बाझन आएको छिमेकी साहिँलो त, "मलाई त शिवहरिको नियाम्रो लाग्न थालिसक्यो !" भन्दै थियो । "त्यो जगल्टा नपाल न छोरा" भन्दा कहिल्यै नटेरेको कान्छो छोराले आज टाउको खुइलाएको देख्दा उनी झन् चकित परे । तर के भइरहेको छ भन्ने उनी बुझ्न सकिरहेका थिएनन् । त्यत्तिकैमा त्यही अघिको मान्छे फेरि आयो र भन्यो, "ल, अघिको सिदा, दक्षिणा अनि यी खाटका सबै सामान पुरेत बाजेको घरसम्म पुऱ्याइदेओ त केटा हो !"

बल्ल शिवहरिको घैँटोमा घाम लाग्यो । उनले बुझिहाले–आज त उनको तेह्रौं दिन पो रहेछ । उनी त मरिसकेका रहेछन् । तर बाँचुन्जेल नपाएको माया, सत्कार र सम्मान आज सबैतिरबाट पाइरहेका थिए । त्यसैले, मरेकोमा पनि उनलाई कुनै दुःख लागेन–उनी मनमनै मुस्कुराए ।

*-साहित्यपोष्ट डटकम*

## गोरखा– जितगढी कि...

...तात्कालिन पाल्पा गौंडाभित्र पर्ने ऐतिहासिक महत्व बोकेको गढी, किल्ला, पदमार्ग,युद्धस्थल र युद्धसामग्रीहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनसहित नेपाल अंग्रेज युद्ध र नेपाली सेनाको वीरासतसँग जोडिएका ऐतिहासिक दस्तावेजहरूको जगेर्नासहित नव पुस्तालाई सुसूचित गराउने उद्देश्यका साथ केही वर्ष यता बैशाख ७ गतेका दिन पारेर बुटवल उपमहानगरपालिकाले भव्य सभ्य दिव्य र नव्य रूपमा जितगढी विजयोत्सव मनाउँदै आएको छ । यसले अझ व्यापकताका साथ नियमितता र निरन्तरता पाइनै रहनु पर्दछ । परन्तु विजयोत्सव मनाउने प्रक्रियामा भने आगामी बर्षदेखि केही सुधार गर्न आवश्यक देखिएको छ । एक नागरिकको हैसियतले भन्नुपर्दा बर्तमान प्रक्रिया उल्टो भइरहेको जस्तो लागेको छ ।

नेपाल अंग्रेज युद्ध जितगढीमा भएको हो , गोरखामा भएको होइन । उजिरसिंहकरुो नेतृत्वमा रहेको पाल्पाली/ गोरखाली /नेपाली सेनाले अंग्रेजमाथि दुई/दुई पटक युद्ध जितिसकेपछिको विजयोत्सव जितगढीमा मनाएका थिए र पाल्पा गौंडाको मुकाम तानसेन फर्केपछि श्री ७ रणउजिरेश्वरी भगवती मन्दिर निर्माण गरी विजय ऱ्याली सहित हरेक वर्ष भगवतीको खटयात्रा चलाउने परम्परा बसालेका थिए । यसपछिमात्र विजयोत्सवको नियमितता निरन्तरता सहितको प्रचार -प्रसार पाल्पाबाट गोरखा , काठमाण्डौं , नेपाल राष्ट्र हुँदै विश्वव्यापीकरण भएको हो । यसर्थ विजयोत्सवको समुद्घाटन हरेक वर्ष बैशाख ७ गतेको दिनमै जितगढीबाट गरिनु पर्दछ र जिगगढीबाट नै विजय ऱ्याली सहितको पदयात्रा शुभारम्भ गरी सर्वप्रथम पाल्पा तानसेनस्थित भगवती मन्दिरको दर्शन परिक्रमा गरी स्याङ्जा र तनहुँ हुँदै गोरखा पुऱ्याई विजय पदयात्रा समापन गर्नुपर्दछ ।

यसो गरिएको खण्डमा मात्र वीरहरूका पनि वीर उजिरसिंह सहित जितगढीको युद्धमा सहभागी हुने सबै पाल्पाली/ गरुोर्खाली/नेपाली सेनाको सपना साकार हुनेछ र वर्तमान समयमा नेपाली सेना सहित समस्त नेपालीको शिर ठाडो भइ छाति गर्वले फुल्नेछ । अत: 'गोरखा - जितगढी पदयात्रा 'कार्यक्रमलाई ' जितगढी -गोरखा पदयात्रा' को रूपमा रूपान्तरण गरौं । ***(रेग्मी स्रष्टा समीक्षकका साथै पाल्पाको इतिहासको क्षेत्रमा कलम चलाउने लेखक साहित्यकार समेत हुन् )***


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


संस्मरण — सीताराम उप्रेती

# अचानक हेडसरको मलामी



घरायसी कामको सिलसिलामा म घर (झापा) जान भनेर राजधानीबाट चारभञ्ज्याङ काट्दै थिएँ ।

त्यस दिन काँकडभिट्टाबाट आउने गाडी प्राविधिक कारणले आइनपुगेकोले हामी झापा जाने यात्रुहरूलाई सोही कम्पनीको धरानको बसमा राखियो । अनि, इटहरीबाट काँकडभिट्टा पठाउने व्यवस्था गर्ने भनेर गाडीका कर्मचारीले जानकारी पनि गराए ।

फागुन १७ गतेको बिहान ६ बजे म इटहरी चोकमा उत्रिएँ । म गाडी फेर्ने क्रममै थिएँ, कान्छो भाइ घनश्यामले फोन गऱ्यो, 'आज राति सूर्य सर (आदर्श मावि आयाबारीका संस्थापक प्रधानाध्यापक सूर्यप्रसाद शर्मा घिमिरे) बित्नुभएछ ।' म छाँगाबाट झरेजस्तै भएँ । म भ्याएसम्म घर पुगेको समय सूर्य सरलाई भेट्न जान्थैं । उहाँ प्राय: घरैमा भेटिनुहुन्थ्यो । गुरुआमासहित अरू सामाजिक काम सबैबाट मुक्त हुनुभएको थियो । जेठो छोरो अशोक वकालती पेसा गर्दै दिल्लीमा बस्थे । छोरी बिहे गरेर अमेरिकामा । कान्छो छोरो आलकको बसोबास काठमाडौंमा भएकोले उहाँ नकलबन्दाको पुरानो घरलाई नै आश्रयस्थल बनाएर रमाएर नै बस्नुभएको थियो ।

उहाँ काठमाडौं आएका बखत प्रत्येकपटक मैले काम गर्ने अफिस राष्ट्रिय वाणिज्य बैंकको मुख्य शाखा कार्यालय विशालबजारमा भेट्न आउनुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो, 'तँलाई भेट्न सजिलो छ । सहरको मुटुमा तेरो काम गर्ने अड्डा छ ।' एकपटक उहाँहरूलाई छोरीज्वाइँले अमेरिका घुमाउने मनसायले बोलाएछन् । त्यो समयमा अमेरिका जानका लागि आफ्नो बैंक खातामा पर्याप्त मौज्दात देखाउनुपर्ने व्यवस्था थियो । सोही आधारमा अमेरिकी दूतावासले भिसा दिन्थ्यो । सूर्य सरले मलाई आफ्नो समस्या बताउनुभयो । मैले आफैं काम गर्ने अफिसमा उहाँको खाता खोलिदिएँ । अनि, रकमको जोहो गरेर ब्यालेन्स सर्टिफिकेट बनाउन भ्याएसम्मको सहयोग गरेँ । उप्रान्त विभिन्न कागजात लिएर सर अन्तर्वार्तामा सामेल हुन दूतावासमा जानुभएछ । तर खै किन हो, सत्तरी वर्ष कटेको उहाँलाई दूतावासले भिसा दिएनछ ।

भोलिपल्ट आएर मलाई भन्नुभयो । फेरि एक महिनापछि बोलाएर भिसा दिएपछि तीन महिनाका लागि भनेर अमेरिका जानुभएको थियो । तर, उहाँलाई फिटिक्कै बस्न मन नलागेर एकै महिनामा फिर्नुभएको थियो । पछिल्लो समयमा भने हामी सामाजिक सञ्जाल मुहारपुस्तिकामा समेत जोडिएका थियौँ । हामीबीच कुराकानी भइरहन्थ्यो । मैले काठमाडौंमा घरबास गरेको सुनेर सर औधी खुसी हुनुभएको थियो । र, भन्नुभएको थियो, 'अब काठमाडौं आएको बेला तेरा घरमा पनि आउँछु है ।' तर, मेरा गुरुलाई काठमाडौंको घरमा स्वागत गर्ने अवसर मैले पाइनँ । त्यस दिन म घर पुगेर नुहाइधुवाइ गरेँ ।

खाना खाइसकेको मात्रै थिएँ, माइलो भाइ टंकले नकलबन्दाबाट फोन गऱ्यो, 'दाइ, आउने होइन ? पुराना साथीभाइ पनि खोज्दै छन् !' लगत्तै म र कान्छो भाइ लाग्यौं सूर्य सरको घर नकलबन्दातिर । नकलबन्दा यस्तो ठाउँ हो, जहाँबाट महेन्द्र राजमार्गको पूर्वी सीमानाकाको सुरुआत हुनुपर्ने हो । तर खै कसरी हो, पछि राजमार्गको सीमांकन काँकडभिट्टाबाट हुन पुगेछ । र, नकलबन्दा जस्ताको तस्तै रह्यो । काँकडभिट्टाले चुलिने मौका पायो । हामी पुगेको केही समयपछि सरको पार्थिव शरीरलाई घाटतर्फ लैजाने काम भयो । मेची किनारको ओल्लो भँगालोमा चिता बनाएर सूर्य सरलाई छोराहरूले दागबत्ती दिए । ठूलो संख्यामा मलामीको उपस्थिति थियो । स्कुल छाडेपछि भेट भएका कमलकुमार देवकोटा सर, स्कुलका कर्मचारी झुमनाथ भट्टराई र अरू धेरै साथीसँग भेट हुँदा मेरो मन चार दशकअघि पुग्यो ।

वाणिज्य बैंकका पूर्वकर्मचारी खगेन्द्रनाथ शर्मा ढुंगाना र राजन शर्मा दाइसँग पनि त्यहीं भेट भयो । सूर्य सरको पार्थिव शरीर जल्न थालेपछि धुवाँको मुस्लो नेपाल र भारत दुवैतिर फैलिएर मडारिन थाल्यो । धुवाँको फैलावटमा भावनात्मक र पारिवारिक सम्बन्ध पनि रहेको अनुभूत गरेँ, त्यो के भने - सूर्य सरको ससुराली भारत, पश्चिम बंगाल, दार्जिलिङ जिल्लाको कालेबुङ हो, जुन दुवैतिर फैलिँदो थियो । क्रमश: मलामीहरू बाटो लाग्न थाले । त्यस दिन आउनुपर्ने मेरा मित्र प्रेमप्रसाद कँडेलको खोजी गरेँ मैले । उनी आउनुपर्ने थियो । तर, कारणवश उनी त्यहाँ आउन नपाएको मैले साथीहरूबाट थाहा पाएँ ।

पछि सुरेन्द्रनगरमा रहेको घरैमा पुगेर उनलाई भेट्ने रहर जाग्यो । र, हामी दाजुभाइ उनको घरतिर लाग्यौं । पहिलेको गोरुगाडा हिँड्न अप्ठ्यारो बाटो अहिले पिचरोड भएछ । घरघरमा पानीका धारा जोडिएछन् । तर, उनको घरछेउमै रहेको सानो जंगल उस्तै रहेछ ! जंगल देखेर मलाई औधी खुसी लाग्यो । हामी पुग्दा उनी मकै छर्ने काममा व्यस्त रहेछन् । उनका छोराहरूले बोलाइदिए । केही बेरमै उनी आए । उनले चिन्दैनन् कि जस्तो लागेको थियो, तर नामै लिएर 'सीतारामजी, हामी त ४१ वर्षपछि भेटियौँ नि !' भने ।

उनले नै समयको पनि बेलीविस्तार लगाएपछि म अचम्ममा परेँ । हामी केही समय उनको घरमा बस्यौँ र मही पिएर बिदा भयौँ । उनको घरको महीमा मैले चार दशकअघिकै स्वाद पाएँ ! २०३४ सालको पुस महिनामा म प्रावि केन्द्र न. ३ बाट कक्षा तीन पास गरेर आदर्श निमावि आयाबारीमा चार कक्षामा भर्ना हुन गएँ । उनी अँधेरी स्कुलबाट भर्ना हुन त्यहीं आएका थिए । यसरी हामी एकै स्कुल परिवारमा जोडिएका थियौँ ।

हामी आपसमा कसरी परिचित भयौँ त्यो सम्झना मानसपटलमा छैन । त्यसै वर्ष फागुन महिनामा हाम्रो स्कुलको छानोनजिकै एउटा हेलिकोप्टर एक्कासि टोकला चिया कमानमा गएर बस्यो । ठूलो टिफिनपछि हामीलाई विज्ञान विषय पढाइरहेका जगदीशप्रसाद ओली समेत बाहिर निस्किएर हेर्न थाले । हामीलाई काम पुग्यो । हामी गुरुरु स्कुलबाट निस्केर बगानको चौरमा पुग्यौं र हेलिकोप्टर हेरेर फर्कियौँ । फर्किंदा लाइन लगाएर चन्द्रकुमार भट्टराई सरले चार/चार लौराको दरले दिएको सजाय आजपर्यन्त बिर्सेको छैन । सजायमा सहभागी हुने हामी निकै थियौँ । राजा वीरेन्द्रको शासनकालको समय थियो । जाडोको समयमा राजाको भ्रमण वर्षैपिच्छे प्रत्येक विकासक्षेत्रमा हुन्थ्यो । राजाको सवारी चलाउने काम सरकारले गर्थ्यो । धनकुटा मुकामबाट टोकला चिया कमानको भ्रमण गर्ने सिलसिलाको तयारीस्वरूप आएको रहेछ, त्यो सैनिक हेलिकोप्टर । त्यसको केही समयपछि राजाको सवारी टोकला चिया कमानमा हुने समाचार आयो । त्यस दिन हामीलाई स्कुलबाट राजा हेर्न भनेर लगियो । राजा सेनाको भेषमा थिए र चिनोस्वरूप चियाको बिरुवा आफ्नै हातमा बोकेर हेलिकोप्टर चढेका थिए । त्यो चियाको बिरुवा नारायणहिटीसम्म पुग्यो कि धनकुटामै रह्यो होला ? अहिले पनि बेलाबखत सोच्छु ।

साथी प्रेमप्रसाद कँडेल त्यसै बेला अनुप्रास मिलाएर कविता लेख्न सिपालु थिए । त्यो बेलाको स्कुलको शुक्रबारे अतिरिक्त क्रियाकलापअन्तर्गत साहित्यिक कार्यक्रममा उनले राजाको सवारीको विषयमा कविता नै लेखेका थिए । उप्रान्त सूर्य सरको नेतृत्वमा स्कुल अगाडि बढिरह्यो । प्रेमप्रसाद कँडेल कक्षाको मनिटर थिए र प्रथम विद्यार्थी पनि । हामी उनका पछि थियौँ । सात कक्षामा पुगेपछि हाम्रो स्कुल माध्यमिक विद्यालयमा स्तरोन्नति हुने भयो । यो २०३८ सालको कुरो हो ।

यसका साथै हामीले माथिल्लो कक्षा पढ्नका लागि धुलाबारी जानुपर्ने बाध्यता हट्यो । तर, अर्को समस्या आयो । हामीले सबै दक्ष शिक्षकहरू पाएनौँ । निम्न माध्यमिक विद्यालयकै सरहरूले हामीलाई पढाए । त्यसैताका विज्ञान र गणितको शिक्षक भएर आए, कलिलो उमेरका प्रदीप बिहारी - जो हामीलाई एसएलसीको तयारी गराएर फर्किए । उनी मैथिली साहित्यका जानेमाने साहित्यकार हुन् । हामी शिक्षकहरूको सहयोग र आफ्नै बलबुताले आदर्श माध्यमिक विद्यालय आयाबारीको २०४० सालको एसएलसीको पहिलो ब्याजी हुन पुग्यौं । पहिलो वर्ष पाँचजना साथी मात्र पास भए । हामी धेरैले पास गर्न सकेनौँ । पछि २०४१ सालमा हामी धेरैले पास गऱ्यौँ । तर, प्रेमजीले पास गर्न सकेनछन् ।

एसएलसीपछि म थप पढाइका लागि काठमाडौं आएँ । खाल्डोले मलाई छाड्नै मानेन र म यतै रत्तिएँ । समयसमयमा म मेरा मित्र प्रेमजीका बारेमा जानकारी लिइरहेको नै थिएँ । पछिसम्म पनि उनी एसएलसी परीक्षा लेख्दै थिए रे ! तर, उनलाई फलामको ढोका भनिने एसएलसी परीक्षाले उकालो लाग्न दिएनछ । र, उनी आफ्नै गाउँठाउँमा पितापुर्खाले जोडेको जग्गाजमिनमा कृषिकार्यमै रमाएर बसे । कालान्तरमा फोन, मोबाइल र इन्टरनेटको यत्रो विकास हुँदा पनि खै किन हो, उनलाई फिटिक्कै त्यसको मोह जागेनछ । र, उनी यसबाट टाढै बसेछन् । साथीहरू भन्थे, 'प्रेमजी मोबाइल पनि चलाउँदैनन् ।'

४१ वर्षपछि उनलाई भेट्दा उनी र म औधी खुसी भयौं, तर दु:खद दिनमा अर्थात् हामीले अति आदरणीय गुरु सूर्य सरलाई गुमाएकै दिन । म राजधानीबाट पुगेर गुरुको मलामी गएर श्रद्धाञ्जली दिएर फर्किएको थिएँ । तर, नजिकैका प्रेमजी मलामी जान नपाएर थकथक मानिरहेका थिए ।

*-बाह्रखरी डटकम*



गुल्मीको सत्यवती गाउँपालिका -२, धुसेनी र स्याङ्जाको कालीगण्डकी गाउँपालिका- ४ विर्घा जोड्ने पक्की निर्माण हुँदै । कालीगण्डकी नदीमा पक्की पुलको अन्तिम ढलाईको कार्य हुँदै छ । *तस्वीर : जगदीश भट्टराई / एनजेडी*

# कक्षा १२ को परीक्षा सरेको छैन : परीक्षा बोर्ड

**पाल्पा, वैशाख ५**/राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा नसरेको स्पष्ट पारेको छ । शिक्षकहरूको आन्दोलनका कारण परीक्षा सरेको भन्दै सामाजिक सञ्जालमा भ्रामक सूचना आएपछि बोर्डले विज्ञप्ति नै निकालेर परीषा नसरेको बताएको हो ।

'यही २०८२ साल वैशाख ११ गतेवाट संचालन हुने गरी तय भएको कक्षा १२ को वार्षिक परीक्षाका सम्वन्धमा विद्यार्थीवर्गमा भ्रम सिर्जना हुने गरी परीक्षा स्थगित गरिएको भ्रामक सूचना विभिन्न सामाजिक सञ्जालमा संप्रेषण गरिएको प्रति बोर्डको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ । परीक्षासम्बन्धी आधिकारिक सूचना बोर्डले आफ्नो Website: www.neb.gov.np मार्फत सार्वजनिक गर्दै आएको र आगामी दिनमा समेत सो मार्फत सूचना प्रवाह गरिने हुँदा अन्य स्रोतबाट प्रवाह हुने सूचनामा भर नपर्न समस्त सरोकारवालाहरुमा अनुरोध समेत गरेको छ । भ्रामक सूचना सम्प्रेषण गर्नेलाई कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने बोर्डले जनाएको छ ।



नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर

विज्ञप्ती

राष्ट्रिय परीक्षा बोर्डद्वारा यही २०८२ साल वैशाख ११ गतेवाट संचालन हुने गरी तय भएको कक्षा १२ को वार्षिक परीक्षाका सम्बन्धमा विद्यार्थीवर्गमा भ्रम सिर्जना हुने गरी परीक्षा स्थगित गरिएको भ्रामक सूचना विभिन्न सामाजिक संजालमा संप्रेषण गरिएको प्रति बोर्डको गम्भीर ध्यानाकर्षण भएको छ।

परीक्षासम्बन्धी आधिकारिक सूचना बोर्डले आफ्नो Website: www.neb.gov.np मार्फत सार्वजनिक गर्दै आएको र आगामी दिनमा समेत सो मार्फत सूचना प्रवाह गरिनेहुँदा अन्य स्रोतबाट प्रवाह हुने सूचनामा भर नपर्न समस्त सरोकारवालामा बोर्ड हार्दिक अनुरोध गर्दछ।

परीक्षा जस्तो सम्वेदनशील विषयमा बोर्डको लेटरप्याडमा अध्यक्षको scanned हस्ताक्षर राखी अनधिकृत र भ्रामक सूचना सम्प्रेषण गर्ने उपर साइबर कानुन अनुसार आवश्यक कार्वाहीका लागि प्रक्रिया अगाडि बढाइएको छ। बोर्डको आधिकारिक Website बाहेक अन्यत्रको समाचार तथा सूचनामा विश्वास नगरी परीक्षाको तयारीलाई धैर्यतापूर्वक निरन्तरता दिनहुन सम्पूर्ण विद्यार्थीहरूमा अनुरोध छ। सहज वातावरणमा परीक्षा सञ्चालनका लागि समन्वय र सहकार्य हुन अभिभावक, शिक्षक एवं प्रधानाध्यापकज्यूहरूमा राष्ट्रिय परीक्षा बोर्ड हार्दिक अपिल गर्दछ।

परीक्षा नियन्त्रक
२०८२/०१/०५

'परीक्षा जस्तो सम्वेदनशील विषयमा बोर्डको लेटरप्याडमा अध्यक्षको हस्ताक्षर राखी अनधिकृत र भ्रामक सूचना सम्प्रेषण गर्ने उपर साइबर कानुन अनुसार आवश्यक कार्वाहीका लागि प्रक्रिया अगाडि बढाइएको छ,' विज्ञप्तिमा भनिएको छ । बोर्डले परीक्षाको वातवरण बनाउन प्रधानाध्यापकहरूलाई अनुरोध पनि गरेको छ ।

'परीक्षा सञ्चालनका लागि समन्वय र सहकार्य हुन अभिभावक, शिक्षक एवं प्रधानाध्यापकज्यूहरुमा राष्ट्रिय परीक्षा बोर्ड हार्दिक अपिल गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

# लुम्बिनी प्रदेशको बजेट...

...चालु आर्थिक वर्षमा पाँच लाखभन्दा कम बजेट विनियोजन भएका ४ हजार ३ सय ९२ आयोजना रहेका छन् भने १० लाखभन्दा कम बजेट भएका ८ हजार २ सय ६ आयोजना रहेका छन् । टुक्रे आयोजना धेरै हुँदा कार्यान्वयनमा समस्या देखिएपछि सरकारले निरुत्साहित गर्ने रणनीति अवलम्बन गर्न थालेको हो । यस वर्ष भने टुक्रे योजना पूर्ण रूपमा कम गर्ने तयारी प्रदेश सरकारको रहेको छ । प्रदेशले यसपटक बजेट खुम्च्याउने भएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा महत्वांकाक्षी बजेट ल्याएको लुम्बिनीले घाटाको सामना गरे पनि यस पटक उपयोगी र यथार्थ बजेट ल्याउने तयारी गरेको हो । आउँदो आर्थिक वर्ष २०८२/८३ का लागि चालु आवको भन्दा झन्डै ११ करोड रुपैयाँ कम बजेट ल्याउने सरकारले प्रारम्भिक तयारी गरेको छ । यस पटक सुहाउँदो र यथार्थमा आधारित बजेट प्रदेश सरकारले ल्याउन लागेको स्रोतले जनाएको छ । विगतमा प्रदेश सरकारले घाटा बजेट ल्याउने गरेको भए पनि यस पटक त्यस्तो नहुने बताइएको छ । प्रदेश सरकारले घाटा बजेट नबनाउने र बजेटको आकार पनि नबढाउने तयारी गरेको छ ।

## खेलकुद समाचार

# केपी ओली कपको उपाधि गण्डकी हिरोजलाई



**पोखरा, वैशाख ५**/पोखरामा सम्पन्न दोस्रो संस्करणको केपी ओली कप टी-२० राष्ट्रिय खुला पुरुष क्लबस्तरीय क्रिकेट प्रतियोगिताको उपाधि गण्डकी हिरोजले जितेको छ। फाइनल खेलमा सिइसी काठमाडौँलाई ५ विकेटले पराजित गर्दै गण्डकी च्याम्पियन बनेको हो।

१८३ रनको लक्ष्य गण्डकी हिरोजले १७.३ ओभरमा ५ विकेटको क्षतिमा १८५ रन बनाउँदै खेल जित्यो। गण्डकीका किरण ठगुनाले ५२ रनको उत्कृष्ट अर्धशतक प्रहार गरे। उनी 'प्लेयर अफ दी म्याच' पनि घोषित भए। बसन्त कार्कीले १७ बलमा ३ छक्का सहित २७ रन र नारायण जोशीले १० बलमा १३ रन बनाएर टिमलाई जित दिलाए।

त्यसअघि टस जितेर पहिले व्याटिङ गरेको काठमाडौंले १९.४ ओभरमा १८२ रन बनाएको थियो। अर्जुन घर्तीले ६८ र पृथु बास्कोटाले ५० रन बनाए। गण्डकीका अमृत गुरुङ र कृष ढकालले समान ३-३ विकेट लिए। काठमाडौंका दिपेन्द्र रावत 'प्लेयर अफ दी टुर्नामेन्ट' घोषित भए र उनले ३० हजार रुपैयाँ पाए। अत्तरियाका विपिन रावल उत्कृष्ट ब्याट्सम्यान र लुम्बिनीका अजय चौहान उत्कृष्ट बलर घोषित भए– दुवैले २०-२० हजार रुपैयाँ पुरस्कार पाए। प्रतियोगितामा १६ वटा टिम सहभागी थिए, जसमा बागमतीबाट ४ र अन्य प्रदेशबाट २-२ टिम थिए। आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीले अब आफ्नै क्रिकेट टिम बनाउने घोषणा गरेको छ।


वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेपाल एसबिआई बैंक इसेवामा आवद्ध

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

**पाल्पा, वैशाख ५**/नेपाल एसबिआई बैंक पनि इसेवामा आवद्ध भएको छ । बैंक र ई-सेवा बिच सहकार्यका लागि सम्झौता भएकोपछि एसबिआई बैंक पनि इसेवामा आवद्ध हुन पुगेको हो ।

ईसेवा नेटवर्क, डिजिटल वालेट, मर्चेन्ट पेमेन्ट र मनि ट्रान्सफर सेवा सञ्चालन सम्बन्धी सम्झौता भएको हो । सम्झौता अनुसार मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, काउन्टर डिपोजिट लगायत बैंकका च्यानलहरू मार्फत ईसेवा वालेटमा रकम स्थानान्तरण गर्न सहज हुने जनाइएको छ । साथै, यस सम्झौताले ईसेवा प्लेटफर्ममार्फत तत्काले खाता क्रेडिट गरी व्यापार भुक्तानीहरू सहजीकरण गर्न सहयोग पुऱ्याउने छ ।

इसेवा प्रयोगकर्ता तथा नेपाल एसबिआई बैंकका ग्राहकहरूले सहजै विधुतीय माध्यमबाट रकम ट्रान्सफर गर्न सक्नेछन् । दुवै संस्थाका ग्राहकलाई थप सेवा र पहुँच प्रदान गर्ने उद्देश्यका साथ गएको हप्ता एउटा औपचारिक कार्यक्रमकाबीच दुवै संस्थाका प्रतिनिधिले सम्झौता पत्रमा हस्ताक्षर गरी यस सेवाको प्रारम्भ गरेका हुन् । यस साझेदारीपछि अब बैंकको ग्राहकले आफ्नो मोबाइल बैंकिङ एप प्रयोग गरी सिधै इसेवा वालेटमा रकम लोड गर्न सक्नेछन् भने इसेवा प्रयोगकर्ताहरूले आफ्नो इसेवा वालेटमा भएको रकम नेपाल एसबिआई बैंकको खातामा ट्रान्सफर गर्न सक्नेछन् । यसै साथ अब इसेवामा आवद्ध बैंक तथा वित्तीय संस्थाको संख्या ५१ पुगेको छ । नेपाल एसबिआई बैंक पनि इसेवामा आवद्ध भएपछि नेपालको डिजिटल वित्तीय सेवामा थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

इसेवाका प्रमुख कार्यकारी अधिकृत जगदिश खड्काले इसेवा र नेपाल एसबिआई बैंकबीच भएको यस सम्झौताप्रति खुशी व्यक्त गर्दै यस सहकार्यले दुवै संस्थाबीच हुने रकम ट्रान्सफरको अनुभवलाई सहजता र सरलता प्रदान गर्ने विषयमा जोड दिएका छन् । हाल यस बैंकले ९७ शाखा, २२ एक्स्टेन्सन काउन्टर, ७ प्रादेशिक कार्यालय, १ कर्पोरेट अफिस, १२१ एटिएमबाट आफ्नो आन्तरिक तथा विश्वव्यापी नेटवर्कमार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।


# शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८२/०१/०५**

यस विद्यालयमा मा.वि तह तृतीय श्रेणी विज्ञान पदमा कार्यरत सुदिप शर्मा पौडेलको मृत्युका कारण रिक्त भएको पद पूर्तिको लागि एक जना शिक्षकको आवश्यकता भएको हुँदा यस विद्यालयको मिति २०८२/०१/०२ को वि.व्य.स. बैठकको निर्णय, रैनादेवी छहरा गा.पा. को मिति २०८२/०१/०३ पत्र संख्या ०८१/०८२ च.न.१३९४ को सिफारिस पत्र तथा शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८२/०१/०५ पत्र संख्या ०८१/०८२ च. न १३७९ को अनुमति पत्र अनुसार इच्छुक नेपाली नागरिकबाट निम्न विवरणको आधारमा रही रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

तपशिल

**विज्ञापन नं.**: १/०८१/०८२, **तह र श्रेणी**: माध्यमिक तृतिय
**पद** : शिक्षक , **नियुक्तिको किसिम** : राहात करार
**पद संख्या** : १ जना, विषाय : विज्ञान, **शैक्षिक योग्यता**: वि. एस.सी उत्तीर्ण वा सो सरह, **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने अन्तिम मिति** : २०८२/०१/१९ सम्म (विद्यालय समय भित्र)
**सर्म्पक मिति** : २०८२/०१/२०
**तलब स्केल** : नेपाल सरकारको प्रचलित नियम अनुसार, **दरखास्त दस्तुर** : रु. १०००/-
**परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक समेत
**परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ ।
**आवश्यक कागजातहरू** : शैक्षिक योग्यताका प्रमाण पत्रहरुको १/१ प्रति प्रतिलिपिहरु नेपाली नागरिकताको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि र हस्तलिखित निवेदन
***(नोटःशिक्षक सेवा आयोगको करार लिस्टबाट दरखास्त पर्न आएमा योग्यता क्रमको आधारमा नियुक्ति गरिने छ । यो विज्ञापन स्वतः खारेज हुने छ । )***
**सम्पर्क नं.** :९८४७०९८१५४ (प्र.अ.) ९८६७३९६०६० अध्यक्ष, ९८४७०९२४८९ लेखा शिक्षक)

**श्री गौरादेवी माध्यमिक विद्यालय**
रैनादेवीछहरा गा.पा.-६, चहला, पाल्पा,
लुम्बिनी प्रदेश, नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई